# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, भदौ २३ गते २०४३ साल ( संख्या २२

## भाग ३

### श्री ५ को सरकार
### संचार मन्त्रालयको सूचना

श्री ५ को सरकारले चलचित्र (निर्माण, वितरण तथा प्रदर्शन) नियमावली, २०३३ को नियम १३ (२) ले दिएको अधिकार प्रयोग गरी २०४३।६।१ देखि लागू हुने गरी चलचित्र घरमा कायम गरिने श्रेणी र टिकट दर (प्रवेश शुल्क) देहायबमोजिम गरी हेरफेर गरेको छ।

श्रेणी र टिकट दर (प्रवेश शुल्क) को फेहरिष्ट

| श्रेणी | | प्रवेश शुल्क |
|---|---|---|
| १. ड्रेस सर्कल | --- | ४।५० |
| २. बल्कोनी | --- | ३।७५ |
| ३. रिअर बल्कोनी | --- | ३।१० |
| ४. स्पेशल | --- | ३।१० |
| ५. पहिला | --- | २।५० |
| ६. दोश्रा | --- | १।८५ |
| ७. तेश्रा | --- | ।५० |
| ८. फ्रण्ट स्टल | --- | ।५० |

द्रष्टव्यः– (क) उपर्युक्त टिकट दर (प्रवेश शुल्क) मा प्रचलित नेपाल कानूनबमोजिम मनोरञ्जन कर छुट्टै लाग्नेछ।

(ख) श्री ५ को सरकारद्वारा प्रदान गरिएको विद्यार्थी सहुलियतको लागि उपर्युक्त प्रवेश शुल्कमा ३३.३३ प्रतिशत छुट दिनु पर्नेछ।

आज्ञाले,
विष्णुप्रताप शाह
श्री ५ को सरकारको सचिव



३६९

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारको मिति २०४३।४।७ को निर्णयानुसार आयकर ऐन, २०३१ को दफा ४२ (३) ले दिएको अधिकार प्रयोग गरी मृगेन्द्र चिकित्सा गुठीले आर्जन गरेको सम्पूर्ण आयमा पूर्णरूपले आयकर छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

### सूचना २

श्री ५ को सरकारले मनोरञ्जन कर ऐन, २०१७ को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी पाटन संयुक्त क्याम्पसको सहयोगार्थ मिति २०४३।४।३० का दिन १ शो प्रदर्शन गरिने "मनको बाँध" चलचित्रको प्रदर्शनमा लाग्ने मनोरञ्जन कर पूर्णरूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
हितसिंह श्रेष्ठ
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।